## ब्याँस गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

# स्थानीय राजपत्र


| खण्ड : ७ | संख्या :९ | सुन्सेरा, दार्चुला | फाल्गुन २५ गते २०८० साल |
|---|---|---|---|


## भाग-२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।११।१०
प्रकाशन मितिः २०८०।११।२५

# ब्याँस गाँउपालिकाको छात्रवृति तथा प्रोत्साहन अनुदान वितरण कार्यविधि २०८०

## परिच्छेद - १

**१ संङ्‌चिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " **ब्याँस गाउँपालिका छात्रवृति तथा प्रोत्साहन अनुदान वितरण कार्यविधि २०८०**" रहेको छ।

(२) यो कार्यविधि गाउँपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२ परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) "कार्यविधि" भन्नाले ब्याँस गाउँपालिका छात्रवृति तथा प्रोत्साहन अनुदान वितरण कार्यविधि २०८० सम्झनु पर्नेछ।

(ख) "गाउँसभा" भन्नाले ब्याँस गाउँपालिकाको गाउँसभा भन्ने सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले ब्याँस गाउँपालिकाको कार्यपालिका सम्झनु पर्नेछ।

(घ) "प्राविधिक धार" भन्नाले विद्यालयमा नेपाल सरकारबाट स्वीकृत प्राविधिक विषय तर्फको संकाय वा क्षेत्रलाई सम्झनु पर्दछ।

(ङ) "उच्च शिक्षा" भन्नाले SEE वा +२पछिको प्राविधिक धारको ३ वर्षे तथा ४ वर्षे डिप्लोमा कोर्षलाई (CTEVT ) लाई समेत सम्झनु पर्दछ।

(च) "प्रमुख" भन्नाले ब्याँस गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(छ) "प्रशासकीय अधिकृत" भन्नाले ब्याँस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

(ज) "विपन्न" भन्नाले ब्याँस गाउँपालिकाको वडा कार्यालयले नियमानुसार विपन्न भनी सिफारिस गरेको विद्यार्थी वा उसको परिवारलाई सम्झनु पर्दछ।

(झ) "शिक्षा समिति" भन्नाले ब्याँस गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनु पर्दछ।

(ञ) "शिक्षा शाखा" भन्नाले ब्याँस गाउँपालिकाको शिक्षा शाखालाई सम्झनु पर्दछ।

(ट) "छात्रवृति छनोट तथा व्यवस्थापन समिति" भन्नाले उच्च शिक्षा अध्ययनका लागि छात्रवृति वितरण सम्बन्धी कार्यविधि २०८० को परिच्छेद २ बमोजिमको समितिलाई सम्झनु पर्दछ।

(ठ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट अनुमति र स्वीकृति लिई अनुदान प्राप्त गर्ने सामुदायिक विद्यालयलाई सम्झनु पर्दछ।

(ड) "प्रचलित कानुन" भन्नाले शिक्षा ऐन २०२८ शिक्षा नियमावली २०५९ स्थानीय सरकार सञ्चालन ऐन २०७४, शिक्षक सेवा आयोग नियमावली २०५७ नेपालको संविधान २०७२ लगायत नेपाल सरकारका अन्य ऐन तथा नियम कानुनलाई सम्झनु पर्दछ।

(ढ) "MBBS भन्नाले Bachelor of medicine and Bachelor of Surgery भन्ने बुझिन्छ।

(ण) "प्राविधिक शिक्षा" भन्नाले अनुसुची १ बमोजिमको शिक्षा सम्झनु पर्दछ।

(त) "वडा" भन्नाले ब्याँस गाउँपालिकाको वडा सम्झनुपर्दछ।

(थ) "स्थायी बासिन्दा" भन्नाले गाउँपालिकामा बसाइसराई गरेर आएका वा मतदाता सूचीमा नाम समावेश भएका र स्थायी रुपमा निरन्तर बसोबास गरिरहेका नागरिकलाई सम्झनुपर्छ।

## परिच्छेद - २

### छात्रवृति छनौट तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

**३ गाँउ पालिका स्तरीय छात्रवृति छनोट तथा व्यवस्थापन समितिः** ब्याँस गाउँपालिकामा देहायका सदस्यहरु रहेका एक गाउँ पालिका स्तरीय छनौट तथा व्यवस्थापन समितिको गठन हुनेछ।

(क) ब्याँस गाउँपालिका अध्यक्ष – अध्यक्ष

(ख) ब्याँस गाउँपालिका उपाध्यक्ष – सदस्य

(ग) ब्याँस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) सामाजिक विकास समिति संयोजक – सदस्य

(ङ) शिक्षा शाखा प्रमुख – सदस्य सचिव

(च) समितिको बैठक सम्बन्धी व्यवस्था समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। बैठक सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ।

### ४ छात्रवृतिका लागि योग्य मानिने:

नेपाल सरकारबाट स्वीकृत प्राप्त सामुदायिक विद्यालयहरुबाट कम्तीमा SEE वा सो सरह उतीर्ण गरेको व्यक्ति यस कार्यविधि अनुरुप छात्रवृतिका लागि योग्य मानिनेछ। साथै अनुसूची ५ बमोजिम मूल्याङ्कन गरी बढी अङ्क प्राप्त गर्नेलाई छनोट गरिनेछ।

### ५छात्रवृति सम्बन्धी मापदण्डः

विभिन्न छात्रवृति तथा अनुदान रकम वितरण गर्दा तपसिल बमोजिमका कागजात सहित आवेदन संकलनका लागि कम्तिमा १५ दिनको सूचना प्रकाशन गर्नु पर्नेछ।

आवेदनका साथ संलग्न गर्नु पर्ने कागजातहरु

(क) विद्यार्थीको नागरिकता तथा जन्मदर्ताको प्रमाणपत्र

(ख) विद्यार्थी परिचय पत्रको प्रतिलिपि

(ग) अपाङ्गताको हकमा अपाङ्गता परिचय पत्रको प्रतिलिपि

(घ) आमाबुवाको अवस्था खुल्ने कागजात ( मृत्यु भएमा मृत्यु दर्ता विपन्नको वडाको सिफारिस

(ङ) ब्याँस गाउँपालिकामा स्थायी बासिन्दा रहेको सम्बन्धित वडाको सिफारिसपत्र।

(च) SEE+२ उतीर्ण प्रमाणको प्रमाणित प्रतिलिपि।

(छ) सम्बन्धित शिक्षण संस्थाको सिफारिस।

### ६ छात्रवृति छनौट तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः

१) छात्रवृति व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) आवेदन सहित फारम भर्न आह्वान गरी अनुसूची २ बमोजिमका आधारहरु सहित सूचना प्रकाशन गर्ने।

(ख) विद्यार्थीहरुबाट प्राप्त निवेदन अनुसुची २ बमोजिमको आधार हुने गरी दर्ता गर्ने।

(ग) दर्ता भएका निवेदन विद्यार्थीका कागजात तथा प्रमाणपत्रहरु रुजु गर्ने।

(घ) उपदफा (ख) र (ग) बमोजिम विद्यार्थीका विवरण र प्रमाणित कागजातका आधारमा अनुसुची ३ अनुसारको ढाचामा विद्यार्थीहरुलाई अङ्क प्रदान गर्ने।

(ङ) प्राप्त गरेको अङ्कका आधारमा योग्यताक्रम तोक्ने।

(च) तयार गरेको योग्यताका आधारमा शिक्षा समिति वा कार्यपालिकामा पेश गर्ने।

(छ) छनौट भएका विद्यार्थीहरुलाई छनौट भएको रकम खातामा जम्मा गर्ने व्यवस्था मिलाउने।

(ज) छात्रवृति व्यवस्थापन सम्बन्धी निति तर्जुमा तथा ब्याँस गाउँपालिकामा राय सुझाव पेश गर्ने। रकम प्राप्त भएपछि विद्यालयले सम्बन्धित विद्यार्थीहरुलाई भर्पाई गराइ रकम उपलब्ध गराउने वा उक्त रकमबाट आवश्यक शुल्क कटाइ प्रमाण रसिद विद्यार्थीलाई उपलब्ध गराउने र प्रमाणित कपी शिक्षा शाखामा उपलब्ध गराउनु पर्नेछ।

(झ) एकाघरको परिवारबाट परिच्छेद ३, ४, ५, ६, ७ मध्ये कुनै दुई वा दुई भन्दा बढी व्यक्तिबाट निवेदन प्राप्त भएमा अधिकतम तहमा अध्ययनरत एकजनालाई मात्र छात्रवृति उपलब्ध गराइनेछ।

(ञ) लाभग्राही प्राथमिकता अनुसुची ३ को मापदण्डका आधारमा गरिनेछ।

## परिच्छेद - ३

## प्राविधिक शिक्षा छात्रवृति कार्यक्रमः

७. प्राविधिक शिक्षा छात्रवृति प्राप्त गर्ने आधारहरु निम्न बमोजिम हुनेछन्

(क)नेपाल सरकारबाट स्वीकृत प्राप्त सामुदायिक विद्यालयहरु कम्तीमाSEE तथा कक्षा ११–१२ सामुदायिक एवम् सम्बन्धन प्राप्त अन्य शैक्षिक संस्थाहरुबाटउतीर्ण गरी अनुसुची १ बमोजिमको विषय तथा SEE पछि मान्यता प्राप्त शिक्षण संस्था वा तालिम केन्द्रबाट डिप्लोमा तहमा ३ वर्ष प्राविधिक विषयहरु वाली विज्ञान, पशु विज्ञान, कम्प्युटर ईन्जिनियरिङ, ईलेक्ट्रोनिक्स ईन्जिनियरिङ,नर्सिङ, एच ए,ल्याब टेक्निसियन, स्टाफ नर्स, वन विज्ञान, कविराज जस्ता प्राविधिक विषय अध्ययन गरिरहेका विद्यार्थीहरुलाई उपलब्ध गराइनेछ।

(ख)त्यसैगरी चार वर्षे प्राविधिक विषयहरुको हकमा समेत छात्रवृति उपलब्ध गराइनेछ। छात्रवृति प्रदान गरिने विषय र रकम माथि उल्लेखित हुनेछ तथा नतोकिएका विषयको हकमा छात्रवृति व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ।

(ग) छात्रवृति रकम अनुसुची ३ बमोजिम हुनेछ।

## परिच्छेद - ४

## असहाय विपन्न निःशुल्क विद्यालय शिक्षा छात्रवृति

**८. असहाय विपन्न छात्रवृति प्राप्त गर्ने आधारहरु निम्न हुनेछन्**

(क) शिक्षामा सिमान्तकृत समुदायका पहुँच सुनिश्चित गर्न विद्यालय छाड्ने दरमा कमी ल्याउन र यस गाउँपालिकाको समस्याका रुपमा रहेको बालविवाहका दरमा कमी ल्याउने उदेश्यले यस गाउँपालिकाले यस छात्रवृतिको व्यवस्था गरेको छ।

(ख) यस गाँउ पालिका भित्र स्थायी बसोबास भई बाबु आमा वा दुबै नभएका वा भएर पनि आर्थिक रुपले विपन्न भनी एकिन गरी सम्बन्धित वडाले गरेका सिफारिसका आधारमा छात्रवृति उपलब्ध गराइनेछ।

(ग) नेपाल सरकारबाट स्वीकृत प्राप्त सामुदायिक विद्यालयहरु कम्तीमा SEE र कक्षा ११-१२ सामुदायिक तथा सम्बन्धन प्राप्त अन्य शैक्षिक संस्थाहरुबाट उतीर्ण गरी अनुसुची १ बमोजिमको विषय तथा SEE पछि मान्यता प्राप्त शिक्षण संस्था वा तालिम केन्द्रबाट डिप्लोमा तहमा ३ वर्ष प्राविधिक विषयहरु वाली विज्ञान पशु विज्ञान कम्प्युटर ईन्जिनियरिङ ईलेक्ट्रोनिक्स ईन्जिनियरिङ नर्सिङ एच ए ल्याब टेक्निसियन स्टाफ नर्स वन विज्ञान कविराज जस्ता प्राविधिक विषय अध्ययन गरिरहेका विद्यार्थीहरुलाई उपलब्ध गराइनेछ।

(घ) त्यसैगरी चार वर्षे प्राविधिक विषयहरुको हकमा समेत छात्रवृति उपलब्ध गराइनेछ। छात्रवृति प्रदान गरिने विषय र रकम माथि उल्लेखित हुनेछ तथा नतोकिएका विषयको हकमा छात्रवृति व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ।

(ङ) नेपाल सरकारबाट प्राप्त विपन्न परिचय पत्र।

(च) छात्रवृति रकम अनुसुची ३ बमोजिम हुनेछ।

## परिच्छेद - ५

### ९.MBBS अध्ययन सहयोग छात्रवृति कार्यक्रम

MBBS अध्ययन सहयोग प्राप्त गर्ने आधारहरु निम्नानुसार छन्

क) नेपाल सरकारबाट स्वीकृति प्राप्त सामुदायिक विद्यालयहरुबाट कम्तीमाSEE वा कक्षा १२ उतीर्ण गरी MBBS अध्ययन गरिरहेका विद्यार्थीहरुबाट दरखास्त आह्वान गरिनेछ।

ख) प्राप्त दरखास्त मध्ये रित पुगेकालाई जेहेन्दार गरिब विपन्न आदि तथा अनुसूची ५ बमोजिमका आधारमा प्रतिस्प्रधा गराई गाउँ कार्यपालिकाको निर्णय बमोजिम १ जनालाई मात्र अनुसुची ३ बमोजिम तोकिएको रकम उपलब्ध गराइनेछ।

ग) छात्रवृति रकम संम्बन्धित शिक्षण संस्थालाई प्रदान गरिनेछ।

घ) छात्रवृति प्राप्त गर्ने व्यक्तिले अध्ययन समाप्ति पछि गाँउपालिकाले तोकिए बमोजिमको ठाँउमा तोकिएको समयावधिका लागि सेवा प्रदान गर्नु पर्नेछ र सो को लागि छात्रवृति प्राप्त गर्नु पुर्व अनुसूची ४ बमोजिमको प्रतिवद्दता जाहेर गर्नु पर्नेछ।

ङ) दश लाख भन्दा कम छात्रवृति रकम प्राप्त गरेमा एक वर्ष र सो भन्दा बढी रकम प्राप्त गरको भएमा दुई वर्षसम्म गाँउ पालिकामा सेवा गर्नुपर्नेछ।

**विविधः**

१०.**कार्यविधि संसोधनः**

यस कार्यविधिको कुनैपनि दफा तथा उपदफा समय अनुसार संसोधन गर्नुपर्ने आवश्यकता देखिएमा गाउँ कार्यपालिकाले संसोधन गर्न सक्नेछ।

११.**कार्यविधि लागु हुनेः**

यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएपनि प्रचलित ऐन कानुनमा स्पष्ट उल्लेख भएको व्यवस्था र प्रावधानहरुको हकमा सोही बमोजिम हुनेछ।

१२ **दोहोरो छात्रवृति सम्बन्धमाः**

कुनै व्यक्तिले कुनै सरकारी तथा गैरसरकारी निकायबाट छात्रवृति प्राप्त गरिरकेको अवस्थामा यस्तो छात्रवृति प्रदान गरिनेछैन।

## अनुसूची - १

**परिच्छेद १ को दफा २ को (ण) संग सम्बन्धित**

परिच्छेद ३ बमोजिमको छात्रवृति वितरण गर्ने प्रयोजनको लागि प्राविधिक शिक्षा भन्नाले तपसिल बमोजिमको शिक्षालाई बुझिनेछ।

**१. इन्जिनियरिङ**

i. Civil Engineering ii Electronic Engineering

iii. Industrial EngineeringivElectrical Engineering

v. Computer Engineering vi. Mechanical Engineering

vii. Automobile Engineering viii. Goemetics Engineering

ix. Agricultural Engineering x.Architecture Engineering

xi.Aerospace Engineering

**2 चिकित्साशास्त्र**

i. MBBS
ii. Bachelor of Ayurvedic Medicine and Surgery(BAMS)
iii. Bachelor Of Dental Surgery(BDS)
iv. Bachelor Of Public Health(BPH)
v. Bachelor of Science in Medical Laboratory Technology(Sc.MLT)
vi. Bachelor of Science in Medical Imaging Technology(Sc.MIT)
vii. Bachelor in Optometr
viii. vii. Bachelor of Genetic Science in Nursing
ix. Bachelor in Audiology Speech Language Pathology

ix. Bachelor in Pharmacy

x. Bachelor of Nursing Science in Adult Community and Child Psychiatry)

**३. वन विज्ञान**

i. Bachelor of Forestry

**४.पशु तथा कृषि विज्ञान तर्फ**

i.Bachelor Of Science in Agriculture ii. Bachelor of Veterinary Science and Animal Husbandry iii.I.Sc.Ag, 3yrs

iv. Bsc.Ag., 4yrs v. BVsc. And AH

# अनुसूची - २

<u>**परिच्छेद २ को दफा ६ को उपदफा  (क) संग सम्बन्धित**</u>

**ब्याँस गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**सुन्सेरा**

## छात्रवृति आवेदन फारम २०८०

| | | | |
|---|---|---|---|
| १ | निवेदक विद्यार्थीको नाम/थरः | २ | स्थायी ठेगानाः |
| ३ | अध्ययन तह र विषयः | ४ | लिङ्गः |
| ५ | जन्ममितिः | ६ | अपाङ्गताः |
| ७ | जातीः | ८ | |
| ९ | अध्ययनरत संस्थाको किसिमः (क) सामुदायिक ख) संस्थागत ग) अन्य | | |
| १० | सम्पर्क फोन नं. | | |
| ११ | परिचयपत्र नं र किसिमः | | |
| १२ | बुवाको नाम/थरः | | |
| १३ | आमाको नाम/थरः | | |
| १४ | बुवा आमाको अवस्था क) दुवै जिवित (ख) एकल अभिभावक ग) दुवै नभएको | | |
| १५ | SEE उतीर्ण गरेको विद्यालय | | साल र ग्रेड |
| १६ | + २ उतीर्ण गरेको विद्यालय | | साल र ग्रेड |
| १७ | पारिवारिक आयस्रोतः क) कृषि ख) रोजगारी | | आयस्रोतः मासिम |
| | ग) ब्यापार घ) अन्य | | वार्षिकः |
| १८ | छात्रवृति भरेको समूहः | | |

**निवेदकको नामथरः**

**हस्ताक्षरः**

**मिति**

**सम्पर्क नं**

**हस्ताक्षरः**

**सिफारिस गर्ने सम्बन्धित**

**शिक्षण संस्थाको**

**प्रधानाध्यापकको:**

**नामथर**

**छाप**

**प्रमाणित गर्नेको**

**नामथरः**

**हस्ताक्षर**

# अनुसूची - ३

**परिच्छेद २ को (ञ) परिच्छेद ३ को (ग) परिच्छेद ४ को (ङ) परिच्छेद ५ को (घ) संग सम्बन्धित**

| शिर्षक | अधिकतम छात्रवृति |
|---|---|
| १. दलित उच्च शिक्षा छात्रवृति | १ प्रतिव्यक्ति रु २०००० मात्र |
| २. प्राविधिक शिक्षा (डिप्लोमा) छात्रवृति | २ प्रति व्यक्ति बढीमा ३०००० मात्र |
| ३. प्राविधिक शिक्षा (Bachelor) छात्रवृति | ३ प्रतिव्यक्ति बढीमा ५०००० मात्र |
| ४. असहाय विपन्न छात्रवृति | ४ प्रतिव्यक्ति बढीमा ३०००० मात्र |
| ५. MBBS अध्ययन छात्रवृति | ५एक जनालाई बढीमा पाँच वर्षको लागि प्रति बर्ष बढीमा पाँच लाख मात्र |

## अनुसूची - ४

**परिच्छेद ५ को (घ) संग सम्बन्धित**

दार्चुला जिल्ला ब्याँस गाँउपालिकाको वडा नं……………मा स्थायी बसोबास गर्ने…………………………….…को नाती/नातिनी ……………………………….. तथा ……………………………………………………को छोरा/छोरी म निवेदक ……………………………….ले ………………………………………. विद्यालयमा……………………………………विषय लिई MBBS तहको शिक्षा अध्ययन गरिरहेको साथै आर्थिक रुपमा विपन्न जेहेन्दार विद्यार्थी समेत भएकाले तहाँ गाउँपालिकाबाट उपलब्ध हुने MBBS अध्ययन छात्रवृति प्राप्त गरी अध्ययन गर्न पाएको खण्डमा अध्ययन समाप्ति पश्चात गाँउपालिकाले तोकिएको ठाँउमा……………..वर्ष सेवा गर्ने लिखित प्रतिवद्धता जाहेर गर्दछु ।

प्रतिवद्धता जाहेर सम्बन्धित विद्यार्थीको नामथरः

हस्ताक्षरः

सहिछापः

# अनुसूची-५

## परिच्छेद२ को दफा (४) संग सम्बन्धित

## गरिब तथा जेहेनदार विद्यार्थी लक्षित छात्रबृति छनोटको मुल्याङ्कन फारम

| क्र.सं | मुल्याङ्कनका आधार | पुर्णाङ्क (१००) | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| **१** | **एसएलसी/एसइई उतिर्ण संस्था** | **२०** | | |
| क | सामुदायिक (ब्याँस गाउँपालिका क्षेत्रको) | २० | | |
| ख | सामुदायिक (ब्याँस गाउँपालिका भन्दा बाहिरको) | १५ | | |
| **२** | **कक्षा १२ उतिर्ण संस्था** | **२०** | | |
| क | सामुदायिक (ब्याँस गाउँपालिका क्षेत्रको) | २० | | |
| ख | सामुदायिक (ब्याँस गाउँपालिका बाहिरको) | १५ | | |
| **३** | **बुवा आमाको अवस्था** | **३०** | | |
| क | बुवा आमा दुबै नभएको | ३० | | |
| ख | आमा भएको बुवा नभएको | २५ | | |
| ग | आमा नभएको बुवा भएको | २० | | |
| घ | बुवा आमा दुबै भएको | १० | | |
| **४** | **एसएलसी/एसइई वा  मध्ये जुन उपल्लो छ सो योग्यता को प्रतिशत वा ग्रेड वाफत** | **३०** | | |
| क | ३.६ वा सो भन्दा माथी जिपए/ ८० प्रतिशत वा सो भन्दा माथी | ३० | | |
| ख | २.८ देखि ३.५९ जिपिए/ ६० प्रतिशत वा सो भन्दा माथी | २५ | | |
| ग | २.० देखि २.७९ जिपिए/ ४५ प्रतिशत वा सो भन्दा माथी | २० | | |
| घ | २.० भन्दा कम जिपए/ ४५ प्रतिशत भन्दा तल | १५ | | |

फारम भर्ने कर्मचारीको
नाम:
पद:

रुजु गर्ने कर्मचारीको
नाम:
पद:

आज्ञाले
चन्द्र सिंह कुवर
नि.प्रमुख प्रशासकीय अधिकृत
मितिः